जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ अंक:- २५ २०८२ साल साउन ३० शुक्रवार ( Aujust 15, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-


## डडेल्धुरामा उच्च सतर्कता अपनाउन जिल्ला प्रशासनको आग्रह

**बिगूल समाचार**

**३० साउन २०८२**

डडेल्धुरा । जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार आज श्रावण २९ गते बिहीबार देखि श्रावण ३१ गते शनिबारसम्म सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा मौसम सामान्यभन्दा बदलिने र कतिपय स्थानमा मध्यमदेखि भारी वर्षा हुने सम्भावना रहेको भन्दै जिल्ला प्रशासन कार्यालय डडेल्धुराले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।





नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं.:४२०१३३
४२०५५५
फ्याक्स नं.:४२०५५३
daodadeldhura@moha.gov.np
daodadeldhura133@gmail.com

पत्र संख्या:- २०८२/०८३
च.नं.

मितिः- २०८२/०४/२९

उच्च सतर्कता अपनाउने सम्बन्धी सार्वजनिक सूचना ।

जल तथा मौसम विज्ञान विभागका अनुसार २०८२ श्रावण २९ गते बिहिवार देखि २०८२ श्रावण ३१ गते शनिवारसम्म सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा साधारणतया बदली रही केही स्थानहरूमा मध्यम देखि भारी वर्षाको सम्भावना रहेको देखिएकोले वर्षाको समयमा हुनसक्ने बाढी, पहिरो र नदी कटान लगायतका विपद्का घटनाहरू घटी जोखिम हुन सक्ने भएकोले यस जिल्लाका सम्भावित जोखिमयुक्त ठाउँहरूमा वसोवास गर्ने नागरिकहरूलाई विशेष सतर्कता अपनाउन र विपद्का कुनै घटना हुने अवस्था देखिए तत्काल सम्बन्धित स्थानीय तह र स्थानीय सुरक्षा निकायहरूसँग सम्पर्कमा रही उच्च सतर्कता अपनाउनु हुन र आवश्यक पूर्व तयारी गर्नुहुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा अनुरोध छ ।

प्रशासकीय अधिकृत

वर्षासँगै पहिरो, बाढी तथा नदी कटानजस्ता विपद् घटना हुने जोखिम बढ्ने भएकाले जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकलाई विशेष सतर्क रहन प्रशासनले अनुरोध गरेको छ। यस्तै, विपद् व्यवस्थापनमा संलग्न निकायहरूलाई आवश्यक पूर्वतयारी सहित प्रभावित हुन सक्ने स्थानमा तत्काल तयारी अवस्थामा रहन निर्देशन दिइएको छ ।

प्रशासनले कुनै पनि आकस्मिक घटना भएमा तत्काल सम्बन्धित स्थानीय तह र स्थानीय सुरक्षाकर्मीलाई जानकारी दिन समेत सबैलाई आग्रह गरेको छ ।

## अन्तराष्ट्रीय युवा दिवसमा रक्तदान, ७५ युनिट रगत संकलन

**बिगूल समाचार**

**३० साउन २०८२**

कैलाली । धनगढीमा बिहिवार अन्तराष्ट्रीय युवा दिवसको अवसर पारेर रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । रक्तदान कार्यक्रममा ७५ जनाले रक्तदान गरेका छन । प्रदेश युवा परिषद सुदुरपश्चिमले अन्तराष्ट्रीय युवा दिवसको अवसर पारेर आयोजनामा गरेको रक्तदान कार्यक्रममा ७५ युनिट रगत संकलन भएको हो ।




सामाजिक बिकास मन्त्रालयका प्रदेश सचिव डाक्टर हेमराज रेग्मीको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । रक्तदान कार्यक्रमको शुरुवात गर्दै सचिव रेग्मिले रगतको बिकल्प रगत मात्रै भएकोले यसको निकै महत्व रहेको बताए । उनले प्रदेश सरकारले स्वस्थ नागरिक प्रदेश अभियान संचालनमा ल्याएको बताउदै सरकारको पहिलो प्राथमिकता भनेकै नागरिक स्वस्थ बनाउनु रहेको बताए ।

प्रदेश युवा परिषदका कार्याकरी उपाध्यक्ष गजेन्द्र साउदको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा सुदुर पश्चिमका सर्वाधिक सतक रक्तदात एबम रक्तदान सदभावना दुत दीपक उपाध्याय बिशिष्ठ अतिथि रहेका थिए ।


## गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**गन्यापधुरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बडाल, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

भू-क्षयले जमिन नाङ्गो बनाउँछ, उर्वरता घटाउँछ र बस्ती जोखिममा पार्छ। आउनुहोस्, वृक्षारोपण र उचित भूमि व्यवस्थापन गरी यसलाई रोकौं, भावी पुस्ताका लागि धर्ती जोगाऔं।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
भू तथा जलाधार व्यवस्थापन कार्यालय
डडेल्धुरा

## जनहितमा जारी सन्देश

- नदी, खोल्सो र नालाको किनारबाट टाढा रहनुहोस्।
- पहिरोको सम्भावना भएको ठाउँमा नजानुहोस्।
- सडकमा पानीको बहाव बढी भएको ठाउँ पार गर्न प्रयास नगर्नुहोस्।

परशुराम नगरपालिका
वडा नं. १ को कार्यालय
डडेल्धुरा


## सरकारले धानको न्यूनतम समर्थन मूल्य बढायो

**बिगूल समाचार**

**३० साउन २०८२**

डडेल्धुरा। सरकारले धानको न्यूनतम समर्थन मूल्य बढाएको छ। मन्त्रिपरिषद्ले चालू आर्थिक २०८२/०८३ वर्षका लागि तोकेको बर्खे धानको न्यूनतम समर्थन मूल्य अनुसार धानको मूल्य बढेको हो। बैठकले मोटा धानको मूल्य प्रतिक्विन्टल ३ हजार ४ सय ६३ रुपैयाँ ८१ पैसा तोकेको छ।

गत आर्थिक वर्ष मोटा धानको न्यूनतम समर्थन मूल्य ३ हजार ४ सय १० रुपैयाँ थियो ।

यस्तै मध्यम धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ६ सय २८ रुपैयाँ ३३ पैसा तोकेको छ। गएको वर्ष मध्यम धानको न्यूनतम मूल्य ३ हजार ५ सय ८० रुपैयाँ तोकेको थियो ।



केही वर्ष अघिसम्म किसानले धान भित्र्याउन शुरू गर्दा पनि सरकारले न्यूनतम समर्थन मूल्य नतोक्दा किसान ठगिने समस्या थियो। तर पछिल्ला केही वर्षदेखि सरकारले चाँडै मूल्य तोक्न थालेको छ ।


## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**

## सम्पादकीय

### स्थानीय जनप्रतिनिधिको डोजर मोहः विकास कि आत्मघाती यात्रा ?

आजकल, नेपालको ग्रामीण परिदृश्यमा एउटा फरक खालको आवाज गुन्जिरहेको छ, त्यो हो, डोजरको आवाज। स्थानीय तहका जनप्रतिनिधिहरूले चुनाव जितेलगत्तै गर्ने पहिलो काममध्ये एउटा **विकासको प्रतीक** भन्दै डोजर चलाउनु बनेको छ। पहाडका भित्ताहरू चिर्दै, जंगलका रुखहरू ढाल्दै र नदीका किनारहरू खन्दै अगाडि बढ्ने यी डोजरहरूले विकासको होडबाजीलाई एउटा नयाँ उचाइ दिएका छन्। तर, के यो साँचो अर्थमा विकास हो त ? या यो केवल विनाशको यात्रामाथिको एउटा आत्मघाती दौड मात्र हो ?

नेपालको भौगोलिक बनावट आफैँमा निकै संवेदनशील र जोखिमपूर्ण छ। यहाँका पहाडी भूभागहरूले हजारौं वर्षको प्राकृतिक सन्तुलन कायम गरेका छन्, जसलाई हामीले एकै झट्कामा भत्काइरहेका छौं। प्राविधिक मापदण्ड, दीर्घकालीन योजना र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) जस्ता अत्यावश्यक प्रक्रियाहरूलाई बेवास्ता गरी जथाभावी डोजर चलाउँदा त्यसले तत्काल त सडकको रूप लिन्छ तर बर्खाको पहिलो पानीसँगै त्यही सडक विनाशको मूल स्रोत बन्न पुग्छ। यसरी बिना इन्जिनियरिङ ज्ञान बनाइएका कच्ची सडकहरूबाट निस्केको माटो र ढुंगामाटोले विशाल पहिरोको रूप लिन्छ, जसले गाउँ र बस्तीलाई समेत जोखिममा पार्छ। यो विनाशकारी प्रक्रिया केवल पहाडमै सीमित हुँदैन, माटो र ढुङ्गाहरू बग्दै तराईका उर्वर फाँटहरूमा पुग्छन्। यसले सदियौँदेखि धान र अन्न उब्जाउने तराईका फाँटहरूलाई बालुवा र ढुंगाको मरुभूमिमा परिणत गरिदिन्छ। यसको सीधा असर स्थानीय किसानको जीविकोपार्जनमा मात्र होइन, देशको समग्र खाद्य सुरक्षामाथि नै पर्छ।

हाम्रा गाउँहरू अहिले रित्तिँदै छन्, युवाहरू रोजगारीका लागि विदेश पलायन भइरहेका छन्। तर, यस्तो अवस्थामा पनि जहाँ बस्ती छैन, जहाँ कृषि सम्भावना छैन, त्यहाँ पनि नयाँ सडक खोल्ने होड चलिरहेको छ। यो होडबाजीले केवल वातावरणीय क्षति मात्र गरिरहेको छैन, यसले समाज र राजनीतिमा दलगत स्वार्थको छायाँलाई पनि उजागर गरेको छ। जनप्रतिनिधिहरूले आफ्ना दलका नेताको नाममा, आफ्ना समर्थकहरूको बस्तीमा सम्म सडक पुऱ्याउने होडमा गाउँको वास्तविक आवश्यकतालाई बेवास्ता गरिरहेका छन्। खानेपानी, स्वास्थ्य, शिक्षा, रोजगारी र भएका सडकहरूको मर्मत-सम्भारजस्ता आधारभूत आवश्यकताहरू प्राथमिकताको सूचीबाट बाहिर धकेलिँदै छन्। यसरी डोजर मोहको दौडमा हामीले आफ्नो भविष्यलाई नै दाउमा लगाइरहेका छौं।

बर्खामा जोखिम बढ्नुका प्रमुख कारणहरूमध्ये सडक निर्माणको प्राविधिक अभाव एक हो। इन्जिनियरिङ अध्ययनविना बनाइएका सडकमा पानीको निकासका लागि नाली, कटान नियन्त्रणका संरचनाहरू र भू-क्षय रोक्ने उपायहरू राखिएका हुँदैनन्। यसले गर्दा माटोको प्राकृतिक संरचना नष्ट हुन्छ र वर्षातको पानीले माटोलाई सहजै बगाएर लैजान्छ। दोस्रो, डोजरले वनस्पति र माटोको प्राकृतिक संरचनालाई नष्ट गरिदिन्छ, जसले माटोको पकडलाई कमजोर बनाउँछ। तेस्रो, पहाडबाट बगेर आएको माटो र ढुङ्गा गिट्टीहरूले तराईका उर्वर जमिनमा थुप्रिँदा खेतीयोग्य जमिनको नाश हुन्छ र बस्तीहरू डुबानको जोखिममा पर्छन्।

अब हामीले नयाँ सडक खोल्नेभन्दा पनि भएका सडकहरूको संरक्षण र मर्मत-सम्भारमा ध्यान दिनुपर्छ। 'टिकाउ विकास' भन्ने शब्दलाई केवल नारामा सीमित नगरी नीति र व्यवहारमा लागू गर्नुपर्छ। सडक निर्माण गर्नुअघि त्यसको विस्तृत प्राविधिक अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य हुनुपर्छ। नयाँ सडक खोल्दा 'कटान'लाई भन्दा बढी 'सुदृढीकरण' र 'निकास प्रणाली'मा लगानी बढाउनुपर्छ। दलगत स्वार्थलाई पन्छाएर सामुदायिक आवश्यकता र दीर्घकालीन लाभका आधारमा योजना बनाउनुपर्छ। पहाडमा हुने अव्यवस्थित सडक निर्माण रोक्नुपर्छ र तराईका खेतीयोग्य जमिनमा माटो र बालुवा फाल्न प्रतिबन्ध लगाउनुपर्छ। जनप्रतिनिधिहरूको मूल्याङ्कन सडकको लम्बाइले होइन, त्यसको गुणस्तर र टिकाउपनले गरिनुपर्छ।

नेपालको भौगोलिक संवेदनशीलता र जलवायु परिवर्तनको असरलाई ध्यानमा राख्दा, डोजर-केन्द्रित विकास दृष्टिकोण अब केवल 'लापरवाही' मात्र होइन, 'आत्मघाती' रणनीति बन्न थालेको छ। बर्खामा डोजरले खोलिएका सडकहरू विनाशको द्वार बन्छन्, जसको मूल्य किसान, मजदुर र ग्रामीण बस्तीले चुकाउनुपर्छ। आज नै सचेत नभए, हामी वर्षातको पानीसँगै केवल माटो र बालुवा मात्र होइन, हाम्रो गाउँ, हाम्रो खेती र हाम्रो भविष्य पनि बगाउन दिनेछौं। त्यसैले विनासकारी विकास रोक्नु पर्छ।

## मानव बेचबिखन सम्बोधन गर्ने कानुनी खाकामा दृष्टिकोणको खडेरी



- डा. मीना पौडेल

मानव बेचबिखनको सवाल नेपाली समाजमा पुरानो र संरचनागत रूपमा जेलिएको छ। खासगरी औपनिवेशिक कालखण्डमा दासताको रूप दिइयो भने २०औं शताब्दीको महिला अधिकारप्रतिको चेतनाको उर्लिदो लहरसँगै यसलाई महिलाका मुद्दा भनेर सोहीअनुसार सम्बोधन गर्ने नीतिगत खाकाहरू संयुक्त राष्ट्रसंघदेखि राष्ट्रियस्तरमा पनि कोरिन थाले। यद्यपि नेपाल र नेपालजस्ता मुलुकहरू त्यो विश्वस्तरको बहसको माहौलमा तत्कालीन आन्तरिक राजनीतिक कारणले संलग्न भएनन्, त्यो फरक कुरा हो। तर, बेचबिखनको समस्या नेपाललगायत यी मुलुकका तत्कालीन समाजमा नभएको भने होइन।

समयसँगै मानव बेचबिखनको समस्याले पनि स्वरूप, प्रवृत्ति र चरित्र फेर्ने कुरा नौलो भएन र, दास भाष्यदेखि महिला केन्द्रित मुद्दाहुँदै अहिले आएर नवउदारवादको दबदबा भएको युग जहाँ राज्यका संरचनाहरूभन्दा पुँजीवादी बजारका संरचनाहरू आर्थिक र राजनीतिक रूपले बलिया भइरहेको वर्तमान समयमा यो मानव बेचबिखन बृहत् श्रम आप्रवासनभित्रको एउटा नकारात्मक आयाम बनेको छ, जुन कुरा सैद्धान्तिक र नीतिगत तहमा भए गरेका प्राज्ञिक र अन्य अनुसन्धानहरूले पुष्टि गरिसकेको यथार्थ हो।

जहिले जेसुकै भाष्य प्रयोग गरेर मानव बेचबिखनका आयामहरूलाई बुझ्ने, बुझाउने र सम्बोधनका नीतिगत खाका कोरे पनि यो समाजको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संरचनासँग जेलिएको जघन्य अपराध हो, बेचिने व्यक्तिको मानवअधिकारको गम्भीर हनन हो, उसको सार्वभौम पहिचान माथिको धावा हो। त्यसैले यो व्यक्ति, समुदाय र लैंगिक पहिचान केन्द्रितभन्दा माथि समग्र राजनीतिक, आर्थिक र सामाजिक मुद्दा हो।

यस आलेखमा मानव बेचबिखन समस्याको विकासक्रमको फेहरिस्त लिपिबद्ध गर्ने उद्देश्य त होइन, तर आज उदार अर्थनीतिसहितको पुँजीवादी लोकतन्त्र, जसमा व्यक्तिको सार्वभौम पहिचान, आधारभूत मानवअधिकारको सुनिश्चिततासहितको शासन व्यवस्थाको अभ्यास मात्र होइन, प्रविधिको विकासले परिवार, श्रम बजार र राष्ट्रियताको परिभाषा व्यावहारिक रूपमै फेरिएको अवस्थामा मानव बेचबिखनप्रतिको नेपाली समाज र राज्यको बुझाइ कति संकुचित छ भनेर थोरै खोतल्ने उद्देश्य हो।

लोकतान्त्रिक भनिएको अहिलेको नेपालको राज्य प्रणालीलाई कार्यान्वयनको व्यवस्थापन गर्ने हाम्रो राजनीतिक र प्रशासनिक नेतृत्व १९औं शताब्दीका पछिल्ला दशक र २० औं शताब्दीको चेतना र नियतले ग्रसित छ भन्ने अहिले मुलुकी ऐन संशोधन गर्न भनी सतहमा ल्याइएका केही कानुनी मस्यौदाहरूबाट पुष्टि हुन्छ र मानव बेचबिखन नियन्त्रण ऐन २०६४ र त्यसको संशोधन २०८१/८२ भनेर नाम दिइएको मस्यौदालाई दृष्टान्तको रूपमा यो आलेखमा लिइएको हो।

संक्षेपमा भन्दा संशोधित प्रस्ताव अध्ययन गर्दा प्रस्ट रूपमै झल्किन्छ। मानव बेचबिखनजस्तो आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा जेलिएको अपराध सम्बोधन गर्ने विद्यमान कानुनी खाका कति परम्परावादी, संकोचित, पुरुष प्रधान र महिला पराधीनवादी छ भन्ने यथार्थ अहिलेसम्म बनेका कानुनी खाकाहरूले मानव बेचबिखन नियन्त्रणभन्दा पनि बेचिएको व्यक्ति, खासगरी महिला र यौनिक अल्पसंख्यकलाई सदाका निम्ति उसको परिवार, समाजबाट बहिष्कार गरी बेवारिसे बनाउँछ भने बालिका र किशोरी तथा नागरिकता लिन बाँकी रहेका वयस्क महिलालाई अनागरिक बनाइदिन्छ।

त्यसैले त बेचिएको भनेर समाजका महत्त्वपूर्ण र विभेदी निकायहरू परिवार, छरछिमेक, श्रमबजार, सञ्चार जगत्, शिक्षा र स्वास्थ्यजस्ता राज्यका सेवाप्रदायक निकायलगायत सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र कानुनी संरचनाहरूको अर्थेल्याइँमा पारिएका खासगरी महिलाहरू, आफ्नो समाजमा फर्कने सम्भावना न्यून मात्र होइन, असम्भव नै देखिन्छ।

यस्तो असम्भव हिजोको निरंकुश राजनीतिक पद्धति र तुलनात्मक रूपले आजको २१औं शताब्दीको गणतान्त्रिक लोकतन्त्रले सिञ्चित र खुला ठानिएको र चोक र गल्लीहरूमा मानवअधिकारका बहस भइरहने समाजमा पनि छ। र, त्यो आमनागरिकको चेतनामा भन्दा पनि राज्यको कानुनी खाका र त्यो खाका निर्माण गर्ने र व्यवस्थापन गर्ने राजनीतिक र प्रशासनिक नेतृत्वमै छ। विगत साढे ३ दशकदेखि बेचिएर फर्केका महिला, पुरुष घरमुली भएको तिनका परिवार र कानुनी प्रक्रियामा जाने क्रममा पुरुषत्वले सिञ्चित न्यायालयबाटै बहिष्कृत भएकासँगको सामीप्यता र अन्तर्क्रियाले पुष्टि गरेको यही हो।

राजनीतिक पद्धति फेरियो। श्रमबजार फेरियो। आमनागरिकको चेतनामा तुलनात्मक रूपमा सकारात्मक बदलाव आयो। सञ्चार प्रविधिले गर्दा विश्व एउटा बृहत् गाउँमा रूपान्तरित हुँदै गयो। जुन जीविकाका लागि नौलानौला सम्भावना र चुनौतीहरूले व्यक्तिका जीवनशैली र सपनाहरूमा क्रमशः सकारात्मक र नकारात्मक प्रभाव पर्दै गयो, सामाजिक सम्बन्धहरूमा नयाँनयाँ जटिलता र फरक खालका सहजता दुवै थपिए। यो बदलिँदो प्रवृत्तिको प्रभाव समग्रमा नेपाली समाजमा नपर्ने कुरा भएन, पर्दै गयो। तर, नीति निर्माता र त्यसको कार्यान्वयन गर्ने अधिकारीहरूको तप्काका प्रवृत्ति र चिन्तनमा समयसापेक्ष परिवर्तन भने तुलनात्मक रूपमा भेटिन्न।

यो विडम्बनाका अनेक कारणहरूमध्ये हामीले राजनीतिक परिवर्तनको केन्द्र पद्धति र शासक फेर्नेसम्म मात्र केन्द्रित गऱ्यो तर सामाजिक (सांस्कृतिक रूपान्तरणमा काम गरेनौं, जसले गर्दा नयाँ पद्धतिको व्यवस्थापन गर्ने जिम्मा दिइएका शासकहरू पुरातन र संकोचित दृष्टिकोण नै लिएर नेतृत्व गर्न पुगे। अनि पुरातन र संकोचित सोँचसहित नेतृत्व गर्नेले समयसापेक्ष, नयाँ र फराकिलो दृष्टिकोण दिन सक्ने कुरा भएन मात्र होइन, अपेक्षा गर्नु नै उचित होइन। त्यसैले अहिलेको नेतृत्वसँग नवीन सोचको सम्भावना छैन।

कुनै पनि समाजको सामाजिक-सांस्कृतिक रूपान्तरण र सकारात्मक चेतनाका लागि चाहिले आयाममध्ये समयसापेक्ष शिक्षा र सांस्कृतिक चेत हो, जसले विद्यमान समाजका विभेदी चिराहरूलाई पुर्न महत्त्वपूर्ण भूमिका खेल्छ, हामीले राजनीतिक परिवर्तन गरिरहँदा ती आयामहरूलाई सन्तुलित रूपमा अगाडि बढाउन सकेनौं भन्ने कुरा त अहिलेको नीति निर्माण तह र प्रक्रियामा देखिएको वैचारिक स्खलनबाटै प्रस्ट हुन्छ, चाहे त्यो लैंगिक पक्षमा गरिएका निर्णय हुन् वा जातीय विभेदमा सन्दर्भमा राज्यले संस्थागत गरेका अन्तर्विरोधहरू हुन्। पछिल्लो दृष्टान्त त बहुविवाहसम्बन्धी प्रस्तावले ल्याएको तरंग नै हो। यी दृष्टान्तहरू केवल तरंगमा सीमित हुन्छन् भनेर भ्रममा पर्नु भने हुँदैन, किनकि यी त एउटा निश्चित धार्मिक सिञ्चित चिन्तनको उपज हुन्, जुन नियतवश समाजलाई पछाडि धकेल्ने र मानवीय हिंसालाई, विभेदलाई संस्थागत गर्ने प्रपञ्च हो भनेर बुझ्नु सान्दर्भिक हुन्छ।

यस्तै नियतले सिञ्चित भएका अनकौं कानुनी खाकाहरू अहिले सतहमा देखिन्छन् र लैंगिक दृष्टिले अति नै संवेदनशील कानुनी खाका मानव बेचबिखन नियन्त्रण ऐन २०६४ को संशोधन प्रस्ताव हो। हुन त नेपालमा मानव बेचबिखनको समस्यालाई सम्बोधन गर्ने कानुनी खाकाको सुरुवात करिब चार दशकअघिदेखि औपचारिक रूपमा सुरु भएको देखिन्छ।

यो मस्यौदाका निर्माताहरूले दिन सक्छन्, हालसम्म बेचिएर फर्केर विभिन्न नाममा सञ्चालित पुनर्स्थापना गृहहरूमा पठाइएका कति संख्यामा महिलाहरू ससम्मान साविकको पारिवारिक र सामाजिक सम्बन्धमा फर्के भनेर ?

यसको मुख्य उद्देश्य समस्यालाई मानवीय दृष्टिबाट सम्बोधन गरी प्रभावित व्यक्तिको सामाजिक न्याय स्थापित गर्नेभन्दा पनि अपराधीकरण गरी बेचिएको व्यक्तिलाई या त यौनिकताको शुद्धता र दूषितताको डण्डा लगाएर पुनर्स्थापनाको नाममा परिवार र समाजबाटै अलग गरी बहिष्करणको जञ्जिरले जीवनभरका लागि बाँधिदिने हुन्छ। या त जघन्य सामाजिक अपराध गरेको जबर्जस्त बोध गराई अपराधी करार गरी प्रहरीको सुरक्षा घेराभित्र थुनिदिने हुन्छ। २०४२/४३ को मानव बेचबिखन नियन्त्रण ऐन होस् वा त्यही खाकाको पछिल्लो संस्करण २०६४ होस्, शब्दको हेरफेर जसरी जता फर्काएर वाक्य र दफाहरू चयन गरे पनि मूल आशय भनेको पुरानै पाइन्छ।

जुन आशय बेचबिखनबाट प्रभावित व्यक्ति जसलाई कानुनी भाषामा 'पीडित' भनेर सम्बोधन गरिन्छ, उनीहरूलाई दोषी करार गराई आत्मग्लानि गराई गलाउने र पीडकको सामाजिक, सांस्कृतिक र राजनीतिक पक्षधरता लिने नै हो। किनकि बेचिएकी महिलालाई यौन कार्य गरेको र त्यो कार्य गरेका महिला खराब, परिवारको इज्जत जोगाउन असफललगायत यावत नकारात्मक उपनामले सम्बोधन गरी घरपरिवार र टोलछिमेकबाटै बहिष्कार गरिन्छ र राज्यको जिम्मा लगाइन्छ। राज्यले जिम्मा लिने भनेको या त गैससको जिम्मा लगाउने हो या त कारागार चलान गर्ने हो। अनि गैससले गर्ने भनेको दाता प्रायोजित पुनर्स्थापना गृहमा लगेर राख्ने नै हो। अनि गृहमा राख्ने भनेको परिवारबाट अलग्याउने र प्रभावितलाई जीवनप्रति आशा बढाउनेभन्दा पनि आशा गुमाउने हो। यो विभिन्न अनुसन्धानहरूले पुष्टि गरेकै तथ्य हुन्।

यही होइन त समग्र रणनीति र सम्बोधनका उपायहरू ? तालिम र सीपका नाममा श्रम बजारको आवश्यकताभन्दा पनि गैसस र उसका दाताको तजबिजमा हुने हुँदा गरी खाने सीपभन्दा पनि बसी बियाँलो उपाय भन्ने पनि भुक्तभोगीसँग गरेको अनुसन्धानबाटै धेरै अगाडिदेखि नै पुष्टि भइसकेको कुरा हो। परम्परादेखि रहेको राज्य सञ्चालकहरूको चिन्तन र मनोदशा यही हो, जुन अहिलेसम्म बनेका मानव बेचबिखनको समस्या सम्बोधन गर्ने कानुनी खाकाको मूल मर्म रह्यो र अहिले पनि त्यही मर्मअनुसार संशोधित मस्यौदा अगाडि सँढाइएको छ, जुन तात्विक रूपमा, दृष्टिकोण र सैद्धान्तिक धारको सन्दर्भमा अघिल्लोभन्दा फरक पाइँदैन। फर क यत्ति पाइन्छ कि यसले मानव बेचबिखन यौन शोषणबाहेक अन्य उद्देश्यका लागि पनि गरिन्छ भनेर अलिक प्रस्टसँग प्रस्ट्याएको छ।

अनि यो प्रस्ट्याएको आधार नेपालले केही वर्षअगाडि मात्र अनुमोदन गरेको संयुक्त राष्ट्र संघको ऐच्छिक प्रोटोकल सन् २००० हो, जुन आफैँमा विवादरहित छैन। बदलिँदो श्रम बजारको चरित्र, वैदेशिक र आन्तरिक रोजगारीका प्रवृत्ति र बढ्दो संकुचन अनि त्यसभित्रको लैंगिक र यौनिकलगायत सामाजिक सांस्कृतिक पहिचानकेन्द्रित विभेद, हिंसा र शोषण आदिले गर्दा विश्व श्रमबजारमा देखिएका नकारात्मक पक्षहरूको धरातलमा प्रोटोकलको गहन समीक्षा, पुनरावलोकन र परिमार्जनको प्रक्रिया विश्वस्तरमा सुरु भइसकेको छ, यद्यपि हामी त्यो बहसबाट निकै टाढा छौं। किनकि नेपालको मानव बेचबिखन नियन्त्रणसम्बन्धी कानुनी खाका आफू सदस्य रहेको संयुक्त राष्ट्र संघभन्दा पनि आर्थिक अनुदान दिने संयुक्त राज्य अमेरिकाको लैंगिक र यौनिक दृष्टिले झन् साँघुरो, सामाजिक-सांस्कृतिक र आर्थिक हिसाबले बेचिएका महिलाहरूलाई संस्थागत पुनर्स्थापना गृहमार्फत परिवार र समग्र समाजबाट अलग्याउने अव्यावहारिक खाकाअनुसार तय भएको छ। अहिले मस्यौदाको रूपमा प्रस्तुत गरिएको खाका पनि केही शब्द, दफा र उपदफा तलमाथि पारी मूल मर्म अमेरिकी खाकाको नेपाली संस्करण नै हो। दफादफा विश्लेषण गर्दा समयसापेक्ष नपाइने मात्र होइन, यो कानुनी खाकाको मूल आशयमै समस्या देखिन्छ।

अनि यसो हुनुमा अज्ञानता वा अन्य कारणभन्दा पनि दुईवटा कारण बढी जिमेवार छन्। पहिलो, नीति निर्माताहरूको नियतको प्रश्न हो, जुन नेपाली समाजको बदलिँदो चरित्र, श्रमका बदलिँदा सम्भावना र चुनौती, र नागरिकका आवश्यकताभन्दा पनि लैंगिक दृष्टिमा अनुदार व्यवहारको छाया कानुनी खाका निर्माणमा पर्नु। यसले के कुराको पुष्टि गर्छ भने हाम्रा नीति निर्माण तहमा रहेका राजनीतिक र प्रशासनिक दुवै तप्काका नीति निर्माताहरूको लैंगिकता र यौनिकताप्रतिको चेतना र नियत २१औं शताब्दीको समाजसँग मेल खाँदैन, जुन कुराको पुष्टि विवाहको उमेर, बलात्कारजस्तो जघन्य अपराधप्रतिको बुझाइ र पछिल्लो समय बहुविवाहका बारेमा छताछुल्ल भएको उनीहरूको नियतबाटै पनि भएको छ।

अर्को भनेको राजनीतिक प्रभावलक्षित दाताको अनुदानमा आधारित नीति निर्माण प्रक्रिया। मानव बेचबिखन नियन्त्रण कानुनी खाका सुरुदेखि नै दाताप्रभावित रहिआएको छ र यस्तो दाता जसले मानव बेचबिखनको सैद्धान्तिक धरातल १९औं शताब्दीको औपनिवेशिक शासकहरूले संस्थागत गरेको दास प्रथाको खाकालाई मान्ने गर्छ। यसरी हाम्रो आफ्नै आन्तरिक साँघुरो र अझ प्रस्ट रूपमा भन्दा नवसामन्ती चिन्तनग्रसित नियत र स्रोतसहित लादिएको बाह्य प्रभावले गर्दा नेपालको मानव बेचबिखन नियन्त्रण ऐन सुरुदेखि नै संकुचित दायरामा तय हुन पुग्यो र पछिल्लो संस्करण मूल रूपमा त्यही हो भन्ने आधारहरू मनग्य छन्।

पछिल्लो मस्यौदाको अर्को असान्दर्भिक पक्ष भनेको एकांगी रणनीति, जुन न त मुलुकले अङ्गीकार गरेको संघीयताको संरचनासँग मेल खान्छ, बाकी पृष्ठ ३ मा

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

## कानुनी खाकामा दृष्टिकोणको खडेरी ..........

न त बृहत् श्रम आप्रवासनभित्रको एउटा आयाम मानव बेचबिखनको सम्बोधन राज्यको मूल खाकाबाहिरबाट परिकल्पना गरिएका अस्थायी, दाता प्रायोजित संरचनाले एक्लै सम्बोधन गर्न सक्छ । उदाहरणका लागि; जिल्ला समन्वय समितिलगायत दाता र उसका साझेदार गैससको परियोजना चलाउनेजस्ता संरचना रहेका छन र तिनको काम भनेको उद्धार र पुनर्स्थापनजस्ता एकांगी उद्देश्यहरू प्रेरित छन् । अनि त्यस्तै प्रभावितलाई क्षतिपूर्ति भराउने र अपराधीको सम्पत्ति रोक्काजस्ता सार्वजनिक खपतका हिसाबले सुन्दा रमाइला लाग्ने तर व्यवहारमा शून्य परिणाम हुने खालका प्रावधान राखिएका छन् । यो केका आधारमा प्रस्ताव गरिएको हो ? अहिले सक्रिय ऐन २०६४ ले कति जनालाई न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति दिलायो ? कति जना अपराधीको सम्पत्ति रोक्का गरायो ? त्यो सम्पत्तिको लेखाजोखाको विश्लेषण के हो ?

पुनर्स्थापना आफैँमा लैंगिक र अन्य सामाजिक सांस्कृतिक पहिचानका दृष्टिले अव्यावहारिक छ, बेचिएर फर्केको पुरुष श्रमिक सोझै परिवार, समाज र उसका साबिकका सबै सम्बन्धमा फर्किन सहजीकरण राज्यले गर्छ तर बेचिएर फर्केको महिलालाई किन दाता प्रायोजित पुनर्स्थापना गृहमा पठाइन्छ, त्यो पनि कानुनी रूपमै संस्थागत गरेर । त्यति मात्र होइन, ती महिलाका लागि उनको परिवार र साबिकका सम्बन्धहरू किन सदाका निम्ति सिद्धिन्छन र उसलाई परिवार, समाज र राज्य सबै मिलेर अनागरिक बनाइन्छ ? यो तर्क पुनर्स्थापनाविरुद्धको तर्क होइन, स्वाभाविकै रूपमा फर्केको दिन, समय, मनोविज्ञान, आर्थिक चुनौती र दलालबाट सुरक्षाका पक्षहरूका कारण केही दिनको संरक्षण सबै लैंगिक पहिचान भएकालाई राज्यबाट चाहिँ सक्छ, यो विशिष्ट परिवेशले निर्धारण गर्ने हो । तर, यहाँ त के भाइराखेको छ भने, बेचिएको भनेर राज्य (प्रहरी) र गैससले ट्याग लागाइदिने, अनि फर्केकी महिलालाई दीर्घकालीन पुनर्स्थापना गृहमा लगेर थुनिदिने । दृष्टिगत समस्या यो हो ।

राज्यले संरक्षण दिएर परिवारसँग समन्वय गरी व्यक्तिको साबिकका सम्बन्धहरूमा फर्किने मौलिक अधिकार होइन र ? यो मस्यौदाका निर्माताहरूले दिन सक्छन्, हालसम्म बेचिएर फर्केर विभिन्न नाममा सञ्चालित पुनर्स्थापना गृहहरूमा पठाइएका कति संख्यामा महिलाहरू ससम्मान साबिकको पारिवारिक र सामाजिक सम्बन्धमा फर्के भनेर ? यसका सामाजिक-सांस्कृतिक, राजनीतिक, लैंगिक र आर्थिक कारणहरू नीतिगत खाकाले सम्बोधन गर्ने कि पुनर्स्थापना गृहमा राखेर सदाका लागि बहिष्करणमा धकेलिदिने ? यसका लागि कस्तो प्रकारको एकीकृत खाका चाहिन्छ ? राज्यका कुनकुन निकायको मजबुत संयोजनको आवश्यकता पर्छ भन्ने कुरा के नीति निर्माता भनिएकाहरूमा चेत छ, के मानव बेचबिखन बृहत् श्रम आप्रवासनभित्रको पाटो होइन ? अनि त्यसका निम्ति यस्ता संकोचित, लैंगिक दृष्टिले एकांगी खाकाले महिलालाई समाजबाट अलग्याउने कि एकीकृत रूपमा समयसापेक्ष एकीकृत खाका तय गर्ने ? न त श्रम मन्त्रालयले बनाउने वैदेशिक रोजगार ऐन र तपसिलका नीतिगत खाकाले मानव बेचबिखन आफ्नो दायरामा पार्छ, न त महिला मन्त्रालयले बनाउने मानव बेचबिखन नियन्त्रण ऐन र तपसिलका खाकाहरूका सन्दर्भमा श्रम आप्रवासन व्यवस्थापन गर्ने खाकासँग समन्वय गर्छ ।

एकातिर श्रम मन्त्रालयको खाकाले वैदेशिक रोजगारीका नाममा दलालमार्फत मानव बेचबिखनलाई प्रोत्साहित गर्छ भने अर्कातिर महिला मन्त्रालयको खाकाले श्रम आप्रवासनको नकारात्मक आयामबाट प्रभावित महिला श्रमिकलाई समाजमा फर्कने बाटोमा भाँजो हाल्छ, अनि यी दुई मन्त्रालयको बीचमा खाका तय गर्ने र कार्यान्वयन सम्बन्धमा सहकार्य त परै जाओस्, बोलचालसम्म हुँदैन । त्यसैले अहिले ल्याइएको मस्यौदा पुरातन दृष्टिदोष र दाताको प्रयोजनमा तय भई बेचिएका महिलालाई समाजबाट बहिष्करणमा होमिदिने योभन्दा अगाडिको खाकामा गरिएको केही प्राविधिक शृंगारसहितको नयाँ संस्करण मात्र हो, यसले बृहत् आप्रवासन प्रक्रियाको एउटा आयाम मानव बेचबिखनको जटिलतालाई सम्बोधन गर्न सक्दैन ।



## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- **बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।**
- **शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।**
- **जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।**
- **स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुबैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।**
- **सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।**
- **बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।**
- **व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।**
- **लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।**

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**




## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

लाल बिगूल राष्ट्रिय दैनिक

जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

२०८२ साल साउन ३० शुक्रवार




# प्रधानमन्त्रीलाई बहुविवाह सम्बन्धी विधेयक अध्यन गर्न सांसद शर्माको सुझाब

**बिगूल समाचार**

**२९ साउन २०८२**

नेकपा (माओवादी केन्द्र) की सांसद रेखा शर्माले बहुविवाह सम्बन्धी कानुनका विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिलाई 'झुट' भन्दै आश्चर्य व्यक्त गरेकी छन् ।

बिहीबारको प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद शर्माले प्रधानमन्त्रीलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७५ मा संशोधन विधेयकको बुँदा ३३ र थपिएको खण्ड 'क' र म्रोसँग अध्ययन गर्न सुझाव दिइन् । उनले उक्त खण्डले बहुविवाहलाई घुमाउरो रूपमा वैधता दिने व्यवस्था गरेको दाबी गरिन् ।

'प्रधानमन्त्रीले सरकारका उपलब्धि सुनेर अचम्म मान्नुभयो भन्नुभयो, तर विगतका मिथ्यांक र बहुविवाहसम्बन्धी कानुनबारे उहाँको अभिव्यक्तिबाट म साँच्चै अचम्मित भएँ,' उनले भनिन् । 'देशको प्रधानमन्त्रीले यस्ता विषयमा हल्का टिप्पणी गर्नु शोभनीय हुँदैन ।'

# बाजुरामा भीषण बाढी : ११ घर बगे, ७ घरमा क्षति

**बिगूल समाचार**

**२९ साउन २०८२**



बाजुरा । बुधबार रातिको बाढीले यहाँको हिमाली गाउँपालिका-१ विच्छ्यामा ११ घर बगाएको छ । विच्छ्या खोलामा बुधवार राति आएको बाढीले गाउँपालिकाको १, ३ र ५ वडामा बढी क्षति गरेको हो । बाढीले ११ घर बगाएको, ७ घरमा क्षति र १७ घर जोखिममा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक देवबहादुर चौधरीले जानकारी दिए ।

उनका अनुसार कवाडी प्रहरी चौकीको टोली बाढी प्रभावित क्षेत्रमा गएर तथ्यांक संकलन गरेको हो । बाढीले सोही गाउँपालिका-१ का नरेन्द्रबहादुर बुढा, छञ्चलाल थापा, धनसिंह थापा, सब्बले थापा, लालबहादुर थापा, सुजलाल थापा, गोवतल थापाको घर ,पसल र खेतबारीमा क्षति पुगेको छ । सोही गाउँपालिका-५ का नवराज बुढा, देवीलाल चदारा, विरवल चदारा, अजय चदारा, हिउँसरा ल्वार, अंगविर चदाराको घर बगाएको प्रहरी निरीक्षक चौधरीले जानकारी दिए । त्यसैगरी बलबहादुर चदारा, मुगा लुहार, देबीलाल बुढथापा, वीरभान लुहार र डवल लुहार को घर बगाएर लगेका प्रहरी निरीक्षक चौधरीको भनाइ छ ।

बाढीका कारण हिमाली गाउँपालिका-१ का विच्छ्याका सुजलाल थापा, धनसिंह थापा, जबैलाल थापा, धनबहादुर थापा, चन्द्रापति थापा, धर्मलाल थापा, बलचन्द्र थापाको घर जोखिममा छन् । स्थानीय उने थापा, लालसिंह बोहरा, डिलबहादुर थापा, हरिलाल थापा, भउरलाल थापा, चन्द्रवान थापा, रत्नपति थापा, गोबनल थापा, धर्मजीत थापा र लक्ष्मण थापाको घर पनि बाढीका कारण उच्च जोखिममा छन् ।

बाढीले सरकारी कार्यालय, विद्यालय र सार्वजनिक संरचना समेतमा क्षति पुगेको छ । १ नम्बर वडा कार्यालय, विच्छ्या मावि, स्वास्थ्य चौकी, स्थानीय विद्युत लाइन् झोलुंगे पुल, नेटा र देउसैनको पानी घट्टसमेत जोखिममा छन् । बाढीले पुर्याएको क्षतिको अवस्था अनुगमन गर्न गाउँपालिका अध्यक्ष गोविन्द्रबहादुर मल्ल नेतृत्वको टोली बाढी प्रभावित क्षेत्रमा पुगेको छ ।

अध्यक्ष मल्लको टोलीले तीन वटै वडामा बाढीले पुर्याएको क्षतिको अवस्था र प्रभावितको अवस्था बुझ्न विच्छ्या गएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापाले बताए । बाढी प्रभावितलाई राहत र पुनः स्थापनाका लागि कार्यपालिका बैठक बसेर निर्णय गर्ने अध्यक्ष मल्लले बताए ।


**ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं । यो कानुनी आवश्यकता हो यसले नागरिकका अधिकार सुनिश्चित गर्छ।**

**अमरगढी नगरपालिका**

**वडा नं. ४ को कार्यालय डडेल्धुरा**

## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार

वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भिमदत्तपूर, डडेल्धुरा**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा